सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८०।०८१

च.न.

मितिः २०८०।०६।१०

**_व्यवसाय दर्ता तथा नविकरण गर्ने र ब्यवसाय कर बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना_**

प्रस्तुत विषयमा नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-५८ तथा यस गाउँपालिकाको व्यबसाय कर व्यबस्थापन कार्यविधि, २०७५ बमोजिम हाल सम्म गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, ब्यबसाय, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र देहायका विबरण तथा कागजात संलग्न राखी गाउँपालिकाको कार्यालयमा ब्यबसाय दर्ताको लागी निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस गाउँपालिकामा गत बर्षहरुमा दर्ता भएका र नविकरण गर्न छुट भएका ब्यवसायिहरुले आफ्नो ब्यबसाय नविकरण गर्नु हुन र अन्य सरकारी कार्यालयमा दर्ता भई यस गाउँपालिकाको क्षेत्रभित्र रही ब्यबसाय गरेका सबै प्रकारका ब्यवसायिहरुले बार्षिक रुपमा ब्यबसाय कर यसै गाउँपालिकामा बुझाउनु पर्ने कानुनी ब्यबस्था भएकोले यसै सूचनालाई आधार मानी ब्यवसाय कर बुझाउनु हुन समेत यो सूचना प्रकासन गरिएको छ ।

यस गाउँपालिकाको आर्थिक ऐन, २०८० मा उल्लेख भए बमोजिम ब्यवसाय कर सम्वत् २०८० कार्तिक मसान्त सम्म बुझाएमा १० प्रतिशत छुट हुने र प्रत्येक आर्थिक बर्षको असार मसान्त भित्र नविकरण नगरेमा र व्यवसाय कर नतिरेमा प्रतिबर्ष १०-१५ प्रतिशतका दरले जरिवाना लाग्नेछ। साथै, यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यबसायलाई गाउँपालिकाको व्यवसाय कर व्यबस्थापन कार्यविधि, २०७५ तथा प्रचलित कानुन बमोजिम कारवाही/जरिवाना गरी असुल उपर गरिने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

२०८०।६।१०

..................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com ☎ 9857836022